# विद्यालय समय बाहिर विद्यार्थीहरूका लागि कार्यक्रमहरू

## विद्यालय बाहिर मद्दत

Ohio मा, विद्यार्थीहरूले विद्यालय समयभन्दा बाहिर सामेल हुन सक्ने कार्यक्रमहरू छन्। यी कार्यक्रमहरू विद्यालय अघि वा पछि हुन सक्छन्। कही विद्यालय बिदा अवधिमा हुन सक्छन्। केही कार्यक्रमहरूले विद्यालयमा मद्दत आवश्यक विद्यार्थीहरूलाई अतिरिक्त सहायता उपलब्ध गराउन सक्छन्। उनीहरूले बच्चाहरूलाई गृहकार्य गर्न शान्त ठाउँ दिएर र कम्प्युटर र इन्टरनेटमा पहुँच दिएर विद्यालयमा अझ राम्रो गर्न मद्दत गर्न सक्छन्। उनीहरूले विद्यालयको काममा थप मद्दत उपलब्ध गराउन वा नयाँ कुराहरू सिकाउने रमाइलो गतिविधिहरू गर्न पनि सक्छन्। यी कार्यक्रमहरूमा, बालबालिकाले नयाँ साथीहरू बनाउन र अरूबाट सिक्न सक्छन्। परिवारहरूले आफ्नो बच्चा दर्ता गर्न वा निश्चित नियमहरू पूरा गर्न आवश्यक हुन सक्छ। यी कार्यक्रमहरू निःशुल्क हुन वा त्यसका लागि अतिरिक्त लागतहरू लाग्न सक्छन्। कहीले बच्चाहरूलाई खाना वा यातायातमा मद्दत पनि दिन्छन्।

## कार्यक्रमहरूको अवलोकन

### विद्यालय पछि- वा अघिका- कार्यक्रमहरू

विद्यालय पछि- वा अघिका- कार्यक्रमहरू अक्सर विद्यालयमा वा नजिक वा समुदायभित्र हुन्छन्। कार्यक्रमहरूले सबै उमेरका बालबालिकालाई उनीहरूको शैक्षिक, सामाजिक र भावनात्मक कौशलहरू सुधार गर्न प्रोत्साहन गर्छन्। प्रशिक्षित व्यक्तिहरूले विद्यार्थीहरूलाई उनीहरूको विद्यालयको काम र अन्य कौशलहरूमा मद्दत गर्छन्। कहिलेकाहीँ, यी कार्यक्रमहरूले खाजा वा खाना उपलब्ध गराउँछन्।

### मार्गदर्शन

कसैले अर्को व्यक्तिलाई नयाँ कुरा सिक्न मद्दत गर्दा मार्गदर्शन दिइन्छ। यो विद्यालय वा समुदायमा हुन सक्छ। मार्गदर्शक भनेको शिक्षक वा प्रशिक्षक जस्तै हो। उनीहरूले विद्यार्थीलाई विद्यालयको काम वा नयाँ कौशलहरू सिक्ने जस्ता कुराहरूमा मद्दत गर्छन्। मार्गदर्शकहरू वयस्क वा अन्य विद्यार्थीहरू हुन सक्छन् जो समान ग्रेड वा माथिका हुन्छन्। मार्गदर्शन कार्यक्रमहरूले बालबालिकालाई उनीहरूको अङ्ग्रेजी कौशलपहरू अभ्यास गर्न र उनीहरूको समुदायसँग अझ जोडिन मद्दत गर्न सक्छन्। मार्गदर्शले सञ्चार

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

कौशल विकास गर्छ र बच्चाहरूलाई विद्यालयमा राम्रो महसुस गर्न अतिरिक्त सहायता र प्रोत्साहन उपलब्ध गराउँछ।

## पठनपाठन

ट्युटर(शिक्षक)हरू मार्गदर्शन जस्तै हुन्, तर तिनीहरू शैक्षणिक विषयहरूमा बढी केन्द्रित हुन्छन्। तिनीहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा वा समूहमा सिकाउन सक्छन्। पठनपाठनका कार्यक्रमहरूले विद्यार्थीहरूलाई गृहकार्य र विद्यालय कार्यमा मद्दत उपलब्ध गराउँछन्। केही पठनका कार्यक्रमहरूले अङ्ग्रेजी, गणित, विज्ञान र अन्य धेरै जस्ता निश्चित विषयहरूमा मद्दत गर्न सक्छन्।

केही सार्वजनिक लाइब्रेरीहरूमा बालबालिका र परिवारहरूका लागि नि:शुल्क गृहकार्य मद्दत, पठन वा अन्य कार्यक्रमहरू छन्। तिनीहरूले विद्यार्थीहरूलाई भर्चुअल शिक्षामा मद्दत गर्न पनि सक्छन्। तपाईं नजिकैको सार्वजनिक लाइब्रेरी फेला पार्न, Library Ohio वेबसाइट हेर्नुहोस्।

## समर क्याम्पहरू

समर क्याम्पहरू (वा समर कार्यक्रमहरू) गर्मी बिदाको अवधिमा हुन्छन्। यिनीहरूले बच्चाहरूलाई विभिन्न विषयहरू सिक्न र अरूसँग जोडिन मद्दत गर्छन्। समर क्याम्पहरू शैक्षिक, सांस्कृतिक, बाहिरी वा शारीरिक गतिविधिहरूमा बढी केन्द्रित हुन सक्छन्। केही क्याम्पहरूमा क्याम्पका सदस्यहरू रातभर बस्न सक्छन् वा गतिविधिहरूको लागि थप ठाउँहरू उपलब्ध गराउन र प्राकृतिक संसारको बारेमा सिक्न पार्कहरूमा जान सक्छन्।

## युवा विकास कार्यक्रमहरू

युवा विकास कार्यक्रमहरू सामुदायिक सेटिङमा विद्यालय वर्षभरको अन्तरालमा हुन सक्छन्। कार्यक्रमहरू बालबालिकाको उमेरको आधारमा उनीहरूलाई आवश्यक हुने कौशलहरू विकास गर्न मद्दत गर्न केन्द्रित हुन्छन्।

## सांस्कृतिक कार्यक्रमहरू

सांस्कृतिक कार्यक्रमहरूले विद्यार्थीहरूलाई उनीहरूको आफ्नै र अन्य संस्कृतिहरू बारे थप जान्ने अवसर दिन्छन्। यी कार्यक्रमहरूको लक्ष्य विद्यार्थीहरूलाई उनीहरूको संस्कृति संरक्षण गर्न, भाषा सिक्न र उनीहरूको समुदायसँग जोडिएको महसुस गर्न मद्दत गर्ने हो।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## इन्टर्नसिपहरू

इन्टर्नसिप कार्यक्रमहरू सामान्यतया उच्च विद्यालयका विद्यार्थीहरूलाई प्रस्ताव गरिन्छ। विद्यार्थीहरूले कामको अनुभव पाउँछन् र विभिन्न क्यारियर अवसरहरू बारे सिक्छन्। यी कार्यक्रमहरू विद्यालय, व्यवसाय वा अन्य सामुदायिक संस्थाहरू मार्फत प्रस्ताव गरिन सक्छ। सामान्यतया, विद्यार्थीहरूले आवेदन दिनुपर्छ र चयन हुनुपर्छ।

## खेलकुद कार्यक्रमहरू

विद्यार्थीहरूका लागि विभिन्न खेलकुद टोलीहरू हुन्छन्। यी टोलीहरू समुदाय वा विद्यालयमा आधारित हुन सक्छन्।

## स्वयंसेवी कार्यक्रमहरू

स्वयंसेवक सेवा कार्यक्रमहरूले बालबालिका र युवाहरूलाई उनीहरूको समुदायहरूमा सकारात्मक प्रभाव पार्ने अवसर दिन्छन्। स्वयंसेवकहरू कार्यक्रमका उद्देश्यहरू पूरा गर्न कोष सङ्कलन गर्ने, कार्यक्रमहरू आयोजना गर्ने, पढाउने, मार्गदर्शन दिने वा विभिन्न परियोजनाहरूमा काम गर्ने जस्ता गतिविधिहरूमा सहभागी हुन सक्छन्। यी कार्यक्रमहरू सामान्यतया गैर-नाफामूलक, सामुदायिक संस्था, विद्यालय वा सरकारी एजेन्सीहरूद्वारा आयोजित हुन्छन्। तिनीहरूले स्रोत-साधनहरू परिचालन गर्न र आवश्यकतामा व्यक्ति र समुदायहरूको कल्याणलाई सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्।

# तपाईं कसरी आफ्ना बच्चाको लागि कार्यक्रमहरू फेला पार्न सक्नुहुन्छ?

सुरु गर्ने एक स्थान भनेको आफ्ना साथी वा परिवारका सदस्यहरूलाई सोधेर हो, विशेष गरी उनीहरूका बच्चाहरू भएमा। तपाईंले उनीहरूलाई कार्यक्रमहरूको बारेमा थाहा हुन सक्ने कुनै सामुदायिक संस्थाहरू थाहा छ कि भनेर पनि सोध्न सक्नुहुन्छ। सामुदायिक संस्थाहरूले धेरै कार्यक्रमहरू प्रस्ताव गरेका हुन्छन्। सामाजिक सेवा एजेन्सी, सार्वजनिक लाइब्रेरी, चर्च र अस्पतालहरू जस्ता परिवारहरूसँग काम गर्ने समुदायका अगुवा र संस्थाहरूसँग पनि कार्यक्रमहरूको बारेमा जानकारी हुन सक्छ।

तपाईंले आफ्नो बच्चाका लागि उपलब्ध कार्यक्रमहरूका बारेमा तपाईंको विद्यालयबाट पनि जान्न सक्नुहुन्छ। यदि तपाईं कहाँ सुरु गर्ने भनेर निश्चित हुनुहुन्न भने, तपाईंले आफ्नो बच्चाको विद्यालयमा कसैलाई सोध्न सक्नुहुन्छ। पाईंको बच्चाको विद्यालयमा शिक्षक, पारिवारिक सम्पर्क, विद्यालयका सामाजिक

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

कार्यकर्ता वा विद्यालय काउन्सलरहरूलाई विद्यार्थीहरूलाई उपलब्ध विभिन्न कार्यक्रमहरूको बारेमा थाहा हुन सक्छ।

कार्यक्रम र सामुदायिक संस्थाहरूको बारेमा थप जान्नको लागि हाम्रो संस्थाहरूको सूची हेर्नुहोस्। तपाईंले यो जानकारी शिक्षक र विद्यालयका कर्मचारीहरूसँग पनि साझा गर्न सक्नुहुन्छ।

### थप जान्नको लागि मैले कस्ता प्रश्नहरू सोध्न सक्छु?

- मेरो बच्चाको लागि विद्यालय बाहिरका कार्यक्रमहरूको बारेमा पत्ता लगाउन म कहाँ जान सक्छु?
- मेरो बच्चाको सिकाइमा सहायता गर्न विद्यालय बाहिर कस्ता प्रकारका कार्यक्रमहरू उपलब्ध छन्?
- म मेरो बच्चालाई उनीहरूको गृहकार्य र असाइनमेन्टहरूमा मद्दत पाउन कहाँ लैजान सक्छु?
- मेरो बच्चाले विद्यालयको कार्यमा कसरी मद्दत पाउन सक्छ? मेरो बच्चाले कसरी मद्दत पाउन सक्छ {insert subject area}?
- अङ्ग्रेजी सिकिरहेका बहुभाषी विद्यार्थीहरूलाई कुन कार्यक्रमहरूले मद्दत गर्छन्?
- कुन कार्यक्रमहरूले अनुवादमा जानकारी उपलब्ध गराउँछन् वा अभिभावक र परिवारहरूका लागि दोभाषेहरू उपलब्ध गराउँछन्?

## मेरो बच्चाको लागि कुनै कार्यक्रम राम्रो छ वा छैन भनेर जान्न मैले कुन कुराहरू हेर्नुपर्छ?

तपाईंले आफ्नो बच्चाको लागि कार्यक्रमहरू रोज्नको लागि मद्दत पाउन निम्न प्रश्नहरूको सूची प्रयोग गर्न सक्नुहुन्छ।

- यो कार्यक्रम कहाँ हुन्छ?
- के तपाईंले यातायात उपलब्ध गराउनुहुन्छ? के कुनै अन्य यातायात विकल्पहरू छन्?
- कार्यक्रम कहिले हुन्छ?
- यो कार्यक्रमको लक्ष्य के हो?
- यो कार्यक्रमले बालबालिकाको सिकाइमा कसरी सहायता गर्छ?
- यो कार्यक्रमले अङ्ग्रेजी सिकिरहेका विद्यार्थीहरूलाई कसरी मद्दत गर्छ?
- के मेरो बच्चाले कार्यक्रममा स्वागत गरिएको र सुरक्षित महसुस गर्छ? के मेरो परिवार र मलाई

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

कार्यक्रममा सहज र स्वागत गरिएको महसुस हुन्छ?

- के मैले यो कार्यक्रमको लागि भुक्तानी गर्न आवश्यक छ? के कुनै किफायती वा कम-लागत विकल्पहरू छन्?
- के कर्मचारीहरू जिम्मेवार र ख्याल राख्ने खालका छन्?
- के विद्यार्थीहरूलाई सहायता र मार्गदर्शन प्रदान गर्न कर्मचारीहरू प्रशिक्षित छन्?
- के कार्यक्रम सफा र सुरक्षित स्थानमा हुन्छ?
- के गतिविधिहरू उमेर-उपयुक्त छन्?
- के गतिविधिहरू गर्न सबैका लागि पर्याप्त स्थान छ?
- के कार्यक्रमले मेरो बच्चालाई आवश्यक हुनसक्ने कम्प्युटर वा अन्य उपकरणहरूमा पहुँच उपलब्ध गराउँछ?
- के खाजा वा खानाहरू उपलब्ध गराइन्छ?
- बालबालिकाहरू कति पटक उपस्थित हुन आवश्यक छ? मेरो बच्चाले सत्र छुटाएमा के हुन्छ?

यस बारे थप जान्नको लागि तपाईंले Colorin Colorado विद्यालय पछि कार्यक्रम पृष्ठ हेर्न सक्नुहुन्छ।

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## कार्यक्रमको लागि तपाईंको बच्चालाई दर्ता गर्ने

तपाईंले कार्यक्रमको कसैलाई तपाईंको बच्चा कसरी दर्ता गर्ने भनी सोध्न सक्नुहुन्छ। केही कार्यक्रमहरूले तपाईंलाई फारामहरू भर्न वा तपाईंको बच्चा वा तपाईंको परिवारको बारेमा जानकारी उपलब्ध गराउन आवश्यक गर्न सक्छन्। याद राख्नुहोस्, तपाईंले दोभासेको लागि आग्रह गर्न वा तपाईंले रुचाउनुभएको भाषामा जानकारी अनुवाद गर्न लगाउन सक्नुहुन्छ। यदि कार्यक्रम विद्यालयबाट हो भने, उनीहरूले परिवारहरूले रुचाएको भाषामा जानकारी उपलब्ध गराउन आवश्यक छ।

### तपाईंले आफ्नो बच्चा दर्ता गर्दा निम्न गर्नुहोस्:

- ✓ कार्यक्रम कहिले हुन्छ भनी पुष्टि गर्नुहोस्। भन्नुहोस्, "मसँग सही जानकारी छ भनी मलाई निश्चित हुन दिनुहोस्। कार्यक्रम कहिले हुन्छ?"
- ✓ कुनै विशेष छुट्टी वा बिदाको लागि कार्यक्रम बन्द हुन्छ वा हुँदैन जाँच गर्नुहोस्। सोध्नुहोस्, "कुनै विशेष छुट्टी वा बिदाको लागि कार्यक्रम बन्द हुन्छ?"
- ✓ यदि तपाईंको बच्चालाई कुनै एलर्जी वा विशेष आहार प्रतिबन्धहरू छन् भने उनीहरूलाई थाहा दिनुहोस्। भन्नुहोस्, "मेरो बच्चालाई यस कुरासँग एलर्जी छ [उनीहरूलाई कुन कुरासँग एलर्जी छ भन्नुहोस्]। मेरो बच्चाले यी कुराहरू खान सक्दैन [उनीहरूका आहार प्रतिबन्धहरू के के छन् भन्नुहोस्]।"
- ✓ यदि तपाईंको बच्चा अनुपस्थित हुन गइरहेको छ भने तपाईंले के गर्नुपर्छ भनेर सोध्नुहोस्। सोध्नुहोस्, "यदि मेरो बच्चा अनुपस्थित हुन गइरहेको छ भने मैले के गर्नुपर्छ? मैले कसैलाई सम्पर्क वा कल गर्नुपर्छ?"
- ✓ तपाईंको बच्चाले विशेष सामग्री वा वस्तुहरू ल्याउन आवश्यक छ वा छैन जाँच गर्नुहोस्। सोध्नुहोस्, "मेरो बच्चाले कार्यक्रममा सहभागी हुनको लागि केही वस्तु वा सामग्रीहरू ल्याउन आवश्यक छ?"
- ✓ फोन नम्बर, वेबसाइट वा इमेल जस्ता कार्यक्रमको लागि सम्पर्क जानकारी सेभ गर्नुहोस्। सोध्नुहोस्, "यस कार्यक्रमको बारेमा कसलाई सम्पर्क गर्ने भन्ने सम्बन्धमा मैले जानकारी कहाँ पाउन सक्छु?"

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

## अतिरिक्त संसाधनहरू

- तपाईंले अध्याय 3 “Other Educational Programs and Services for Your Child” वा अध्याय 4 “Finding Extracurricular Activities for Your Child” चयन गर्दा NCELA Family Toolkit बाट थप जानकारी जान्न सक्नुहुन्छ। यो चार भाषाहरूमा उपलब्ध छ (अङ्ग्रेजी, अरबी, चिनियाँ र स्पेनी)। https://ncela.ed.gov/educator-support/toolkits/family-toolkit
- Children's Advocacy Project ले Ohio मा विद्यालय पछिका र ग्रीष्मकालीन कार्यक्रमहरूको बारेमा जानकारी उपलब्ध गराउँछ। https://cap4kids.org/columbus/after-school-camps
- Children's Advocacy Project ले बालबालिका र परिवारका लागि Central Ohio मा भएका कार्यक्रमहरूको बारेमा जानकारी र स्रोत-साधनहरू उपलब्ध गराउँछ। https://cap4kids.org/columbus/minority-and-immigration-services/resources-for-all-immigrants-and-refugees
- किताबहरूमा निःशुल्क पहुँच बाहेक, धेरै सार्वजनिक लाइब्रेरीहरूमा बालबालिका र परिवारहरूका लागि निःशुल्क गृहकार्य मद्दत, ट्युसन वा कार्यक्रमहरू छन्। तिनीहरूले विद्यार्थीहरूलाई भर्चुअल सिकाइमा मद्दत गर्न र उनीहरूलाई आवश्यक हुन सक्ने कम्प्युटर, इन्टरनेट र अन्य प्रविधिहरूमा पहुँच प्राप्त गर्न मद्दत गर्न सक्छन्। तपाईंको नजिक सार्वजनिक लाइब्रेरी फेला पार्न, Library Ohio वेबसाइट हेर्नुहोस्। https://library.ohio.gov/using-the-library/find-an-ohio-library

*यी संसाधनहरू Ohio का बहुभाषिक शिक्षार्थीहरूको लागि शैक्षिक, विद्यार्थी कल्याण र कलेज र क्यारियर परिणामहरूलाई बलियो बनाउन लक्षित छन्। संसाधनहरू पारिवारिक अधिवक्ता, समुदायका अगुवा, स्कुल डिस्ट्रिक्टका कर्मचारी र शिक्षकहरूको समर्पित समूहका साथ-साथै Ohio Department of Education and Workforce र The Ohio State University's Center on Education and Training for Employment बीचको सहयोगात्मक प्रयास मार्फत सिर्जना गरिएका थिए।*

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University